# PAPER-II
# NEPALI

**Signature and Name of Invigilator**

1. (Signature) ___________________________
   (Name) ______________________________
2. (Signature) ___________________________
   (Name) ______________________________

OMR Sheet No. : ..............................................
(To be filled by the Candidate)

Roll No. | | | | | | | | |
(In figures as per admission card)

Roll No.__________________________________
(In words)

**J 3 4 1 4**

Time : $1\ ^1/_4$ hours] [Maximum Marks : **100**

Number of Pages in this Booklet : **8** Number of Questions in this Booklet : **50**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of fifty multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the OMR Sheet Number should be entered on this Test Booklet.
4. Each item has four alternative responses marked (A), (B), (C) and (D). You have to darken the circle as indicated below on the correct response against each item.
   **Example :** Ⓐ Ⓑ ● Ⓓ
   where (C) is the correct response.
5. Your responses to the items are to be indicated in the **OMR Sheet given inside the Paper I Booklet only.** If you mark at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except for the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means such as change of response by scratching or using white fluid, you will render yourself liable to disqualification.
9. You have to return the test question booklet and Original OMR Sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are, however, allowed to carry original question booklet and duplicate copy of OMR Sheet on conclusion of examination.
10. **Use only Blue/Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There is no negative marks for incorrect answers.**

## परीक्षार्थियों के लिए निर्देश

1. इस पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए ।
2. इस प्रश्न-पत्र में पचास बहुविकल्पीय प्रश्न हैं ।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी । पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे, जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए उसके कवर पेज पर लगी कागज की सील को फाड़ लें । खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें ।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं । दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात् किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें । इसके लिए आपको पाँच मिनट दिये जायेंगे । उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा ।**
   (iii) इस जाँच के बाद OMR पत्रक की क्रम संख्या इस प्रश्न-पुस्तिका पर अंकित कर दें ।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (A), (B), (C) तथा (D) दिये गये हैं । आपको सही उत्तर के वृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है ।
   **उदाहरण :** Ⓐ Ⓑ ● Ⓓ
   जबकि (C) सही उत्तर है ।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पत्र I के अन्दर दिये गये OMR पत्रक पर ही** अंकित करने हैं । यदि आप OMR पत्रक पर दिये गये वृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिह्नांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा ।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें ।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें ।
8. यदि आप OMR पत्रक पर नियत स्थान के अलावा अपना नाम, रोल नम्बर, फोन नम्बर या कोई भी ऐसा चिह्न जिससे आपकी पहचान हो सके, अंकित करते हैं अथवा अभद्र भाषा का प्रयोग करते हैं, या कोई अन्य अनुचित साधन का प्रयोग करते हैं, जैसे कि अंकित किये गये उत्तर को मिटाना या सफेद स्याही से बदलना तो परीक्षा के लिये अयोग्य घोषित किये जा सकते हैं ।
9. आपको परीक्षा समाप्त होने पर प्रश्न-पुस्तिका एवं मूल OMR पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें । हालांकि आप परीक्षा समाप्ति पर मूल प्रश्न-पुस्तिका तथा OMR पत्रक की डुप्लीकेट प्रति अपने साथ ले जा सकते हैं ।
10. **केवल नीले/काले बाल प्वाईंट पेन का ही इस्तेमाल करें ।**
11. **किसी भी प्रकार का संगणक (कैलकुलेटर) या लाग टेबल आदि का प्रयोग वर्जित है ।**
12. **गलत उत्तरों के लिए कोई नकारात्मक अंक नहीं हैं ।**

## NEPALI
## नेपाली
### PAPER – II
### प्रश्नपत्र – II

**Note :** This paper contains **fifty (50)** objective type questions, each question carrying **two (2)** marks. Attempt **all** the questions.

**द्रष्टव्य** : यस प्रश्नपत्रमा **पचासवटा (50)** बहु-विकल्पी प्रश्न छन् । प्रत्येक प्रश्न **दुई** (2) अङ्कको छ । **सबै** प्रश्नका उत्तर लेख्नु अनिवार्य छ ।

**1.** 'आज राति पानी परेछ ।' – यस वाक्यमा रहेको क्रियापदले कुन अर्थ बुझाउँदछ ?
(A) सामान्यार्थ ।
(B) सम्भावनार्थ ।
(C) अनुमेयार्थ ।
(D) सङ्केतार्थ ।

**2.** 'संयुज्यता' भनेको के हो ?
(A) वाक्यमा क्रियापदले अनिवार्य रूपले लिने नामपदको सङ्ख्या ।
(B) वाक्यमा नामपदको रूपअनुसार क्रियापद रूपायित हुने प्रक्रिया ।
(C) वाक्यमा पदहरुमाझ रहने विन्यासपरक सम्बन्ध ।
(D) अन्य वर्गको कुनै पदले वाक्यमा ग्रहण गर्ने संयोजक पदको लक्षण ।

**3.** सि.के. अग्देन र. आई.ए. रिचर्ड्सले प्रस्तुत गरेको सङ्केत-त्रिकोणका तीनवटा आयाम कुन कुन हुन् ?
(A) विचार, शब्द र भाव ।
(B) शब्द, अर्थ र विषयवस्तु ।
(C) ध्वनि, अर्थ र विषय ।
(D) विचार, प्रतीक र वस्तु ।

**4.** 'विभेदक अभिलक्षण' – को सिद्धान्त कसले प्रतिपादन गरेका हुन् ?
(A) सि.एफ. हकेट ।
(B) फर्दिनान्द दि सस्युर ।
(C) जे.आर. फर्थ ।
(D) रोमन याकोब्सन ।

**5.** भारतीय समालोचना सिद्धान्त अनुसार आलोचकमा हुनुपर्ने गुण के के हुन् ?
(A) भाषा-ज्ञान, इतिहासबोध, भावनाशक्ति, संस्कार ।
(B) व्युत्पत्ति, प्रतिभा, मात्सर्याभाव, भाषा-ज्ञान ।
(C) विनयशीलता, प्रखर कल्पनाशक्ति, सहृद्यता, वाक्-पटुता ।
(D) प्रतिभा, तार्किक शक्ति, तत्त्वज्ञान, भाषाज्ञान ।

**6.** तलका मध्ये कुनचाहिँ स्फोटका भेद होइनन् ?
(क) वर्ण, पद, वाक्य ।
(ख) अर्थ, ध्वनि, अक्षर ।
(ग) अखण्ड पद, अखण्ड वाक्य, वाक्य ।
(घ) धातु, प्रत्यय, प्रातिपदिक ।
(A) क, ख, घ ।
(B) ख, ग ।
(C) क, घ ।
(D) ख, घ ।

**7.** "एकाङ्की नाटक एउटै विषय, एउटै समय, एउटै दृश्य र एउटै अङ्कमा सीमित हुनुपर्छ" भन्ने बालकृष्ण समको मतसँग सहमत नहुने नाटककार को-को हुन् ?
(A) गोपालप्रसाद रिमाल, गोविन्द 'गोठाले', विजय मल्ल ।
(B) भीमनिधि तिवारी, हृदयचन्द्रसिंह प्रधान, तुलसी अपतन ।
(C) हृदयचन्द्रसिंह प्रधान, विजय मल्ल, मनबहादुर मुखिया ।
(D) भीमनिधि तिवारी, रुद्रराज पाण्डे, शिवकुमार राई ।

**8.** आनन्दवर्द्धनअनुसार 'रीति' – को नियामक तत्त्व के हो ?

(A) रस ।
(B) औचित्य ।
(C) गुण ।
(D) अनुप्रास ।

**9.** "सुधाको त्यो झर्ना कवि हुन गए सीकरसरि ।
थियो त्यो शोभाको जलधि कविजी मञ्जुलहरी ।।
मिठो त्यो मिश्रीको रस मधुर मिश्री कवि भए ।
अहो ! कस्तो कस्तो अगम छविमा तन्मय भए ।।"
– यस पद्यमा कस्तो काव्य-ध्वनि पाइन्छ ?

(A) सङ्लक्ष्यक्रमव्यङ्ग्य ध्वनि ।
(B) असङ्लक्ष्यक्रमव्यङ्ग्य ध्वनि ।
(C) अर्थान्तरसङ्क्रमितवाच्य ध्वनि ।
(D) अत्यन्ततिरस्कृतवाच्य ध्वनि ।

**10.** वचनविन्यासक्रमलाई 'रीति', केशविन्यासक्रमलाई 'वृत्ति' अनि वेशविन्यासक्रमलाई 'प्रवृत्ति' – को संज्ञा दिने आचार्य को हुन् ?

(A) वामन (B) कुन्तक
(C) क्षेमेन्द्र (D) राजशेखर

**11.** काव्यशास्त्रीय सन्दर्भमा 'वक्रोक्ति' शब्दको सर्वप्रथम प्रयोग कसले गरे ?

(A) दण्डी (B) कुन्तक
(C) भामह (D) भरत

**12.** यथार्थवादी आधुनिक युगको प्रतिनिधि काव्यरूप 'उपन्यास' लाई मान्ने हो भने शास्त्रीयतावादी युगको प्रतिनिधि काव्यरूप केलाई मानिन्छ ?

(A) नाटक ।
(B) महाकाव्य ।
(C) गीतिकाव्य ।
(D) आख्यायिका ।

**13.** 'नियत वर्ण-व्यापार' नै रीति हो अनि रीति र वृत्ति मूलत: एउटै हुन् भन्ने मत कसको हो ?

(A) मम्मट ।
(B) कुन्तक ।
(C) आनन्दवर्द्धन ।
(D) भामह ।

**14.** कुन-कुन काव्यदोष कुन-कुन प्रसङ्गमा प्रयोग हुँदा दोष नरही काव्यगुण बन्दछन् ? सही उत्तर चिह्नित गर्नुहोस् ।

| **काव्यदोष** | **प्रसङ्ग** |
|---|---|
| क. श्रुतिकटुता | i. व्याजस्तुति अलङ्कार |
| ख. अश्लीलता | ii. उद्धरण, लाटानुप्रास, अर्थान्तरवाच्य ध्वनि । |
| ग. कथितपदता | iii. वीर, वीभत्स, रौद्र रस । |
| घ. सन्दिग्धता | iv. रति एवम् वैराग्य । |

| | क | ख | ग | घ |
|---|---|---|---|---|
| (A) | iii | iv | ii | i |
| (B) | iv | iii | i | ii |
| (C) | ii | i | iv | iii |
| (D) | iv | iii | ii | i |

तलको उद्धरण पढेर त्यसमुमि दिइएका प्रश्नका उत्तर चिह्नित गर्नुहोस ।

"लेखनाथको उत्प्रेक्षा र उपमाशक्ति र देवकोटाको विविध अलङ्कारपरक अनुभूति उहाँमा पाइँदैन । स्वभावोक्तिमा देवकोटा र सोमनाथको अगाडि उहाँ नगण्य भइजानुहुन्छ । रूपकमा पनि देवकोटाको जस्तो विविधता र सौन्दर्याधान शक्ति उहाँमा छैन । समासोक्ति देवकोटाको नै पेवा रहेको छ सममा लो पाउनु कठिन छ । उहाँका कवितामा यसै कारणले व्यङ्ग्य गौण हुनगएको छ ।"

**15.** उपर्युक्त समालोचकीय मन्तव्य कसले प्रकट गरेका हुन् ?

(A) वासुदेव त्रिपाठी ।
(B) रत्नध्वज जोशी ।
(C) रामकृष्ण शर्मा ।
(D) केशवप्रसाद उपाध्याय ।

**16.** उपर्युक्त मन्तव्यमा 'उहाँ' भनेर कसतर्क औँल्याइएको हो ?

(A) सिद्धिचरण श्रेष्ठ ।
(B) बालकृष्ण सम ।
(C) भीमनिधि तिवारी ।
(D) भवानी भिक्षु ।

17. 'उत्प्रेक्षा' शब्दको अर्थ के हो ?
(A) अनुमान । (B) आशङ्का ।
(C) प्रश्न । (D) आश्चर्य ।

18. 'उत्प्रेक्षा' अलङ्कारको लक्षण के हो ?
(A) असम्भव र अवर्णनीय वस्तुको सम्भव र वर्णनीय रूपमा कल्पना गर्नु ।
(B) सम्भव र वर्णनीय वस्तुको असम्भव र अवर्णनीय वस्तुका रूपमा सम्भावना गर्नु ।
(C) अप्रस्तुत उपमानमा प्रस्तुत उपमेयको आरोप गर्नु ।
(D) अमूर्त्त कुरालाई मूर्त्तजस्तो गरी वर्णन गर्नु ।

19. 'समासोक्ति' कस्तो अलङ्कारलाई भनिन्छ ?
(A) दुईवटा स्वतन्त्र विचारहरुलाई एउटै जस्तो बनाएर प्रस्तुत गर्नु ।
(B) एउटा विषयबारे प्रकाश पार्दा अर्को विषय स्वत: प्रकाशित हुनु ।
(C) विशेषण मात्रको समानताका आधारमा प्रस्तुत र वर्णनीय विषयमाथि अप्रस्तुत र अवर्णनीय वस्तुका व्यवहारको आरोप गर्नु ।
(D) परस्पर विरोधी विचारहरुमाझ सामञ्जस्य स्थापन गर्नु ।

20. तलकामध्ये कुनचाहिँ कथन सही हो ?
(A) भाषिक ध्वनि अरवण्ड श्वास-प्रवाहबार निस्कन्छ ।
(B) भाषिक ध्वनि द्विआयामिक हुन्छ ।
(C) भाषिक ध्वनिको उच्चारणक्रममा श्वासप्रवाह एकाधिक स्थानमा खण्डित हुन्छ ।
(D) भाषिक ध्वनिको प्रमुख परिचायक विशेषता व्यतिरेक हो ।

21. काका ! काका ! भन्दै आए
चुच्चो चोबी पानी खाए ।
घाँटी ठाडो पारी हेर्दा
सूर्जे मामा हाँस्तै आए ।।
– यो पद्य कुन छन्दमा रचिएको छ ?
(A) पञ्चचामर ।
(B) रथोद्‌्यता ।
(C) विद्युन्माला ।
(D) स्वागता ।

22. तलका मध्ये कुनचाहिँ कथन सही हो ?
(A) भाषा एउटा मुक्तान्त सङ्केत व्यवस्था हो ।
(B) भाषा सन्दर्भ र परिस्थिति द्वारा बाँधिइँदैन ।
(C) भाषा बद्‌धान्त सङ्केत व्यवस्था हो ।
(D) भाषा नैसर्गिक वस्तु हो ।

23. तलको कुनचाहिँ कथामा डायरी-प्रविष्टि शैलीको प्रयोग पाइन्छ ?
(A) इन्द्रसुन्दासको 'अद्‌भुत रोग' ।
(B) इन्द्रबहादुर राईको 'विश्व तिम्रा चरणमा'।
(C) भवानी भिक्षुको 'माउजङ बाबुसाहेबको काटे' ।
(D) पूर्ण राईको 'सङ्लो सपना : धर्मिलो संसार' ।

24. "उता हेर्ना साथै अगम नभको नील परिधि
यताको यो बिर्सें अभय जुग को सङ्क्रम-विधि ।"
- इतिवृत्तशास्त्रका दृष्टिले उपर्युक्त श्लोकमा रहेका 'उता' र 'यता' कस्ता तत्त्व हुन् ?
(A) निर्देशपरक ।
(B) संयोगात्मक ।
(C) अनुक्रमसूचक ।
(D) कालस्थानिक ।

25. पयर ली चतुरा छमछम् चले ।
लहरमा सम दीकन चञ्चले ।।
विहगका सब मूक गला खुले ।
अधर फर्फर भै ऋषिका चले ।।
– यस पद्यमा प्रयुक्त छन्द कुन हो ?
(A) वंशस्य ।
(B) आर्या ।
(C) प्रहर्षिणी ।
(D) द्रुतविलम्बित ।

26. चारवटा चकार हुने छन्दको नाऊँ के हो ?
(A) भुजङ्गप्रयात ।
(B) वंशस्थ ।
(C) रथोद्‌धता ।
(D) पृथ्वी ।

27. "शङ्करदेवलाई पुकारेर भन्छु – (बूढीले शङ्करदेवलाई मनमा सम्झेर नमस्कार गरिन्) – नेपालीले धोका दिँदैन बाबु । रीना सुखी हुनेछ ।"

इन्द्र सुन्दासको 'अनुताप' कथाबाट लिइएको यस उद्धरणमा उल्लिखित 'शङ्करदेव' को हुन् ?

(A) कथाभित्रको एकजना वृद्ध र आदरणीय पात्र ।
(B) हिन्दुहरुका देवता शङ्कर ।
(C) जगद्गुरु शङ्कराचार्य ।
(D) मध्ययुगीन असमिया कवि र महापुरुष ।

28. तलका कुन कुन कृतिमा 'रने' नामक पात्र पाइन्छ ?

(A) माइतघर, ज्यानमारा, रूपमति ।
(B) परिबन्द, माछाको मोल, मुलुकबाहिर ।
(C) स्वास्नीमान्छे, हारजीत, लगन ।
(D) आज रमिता छ, पखलिमित्र र बाहिर, नीलकण्ठ ।

29. "संसार यदि नीद हुँदो हो त
कल्पनाको गाढा विचारले
चाहेको सचित्र स्वप्न पृष्ठ
पल्टाउन सकिन्थ्यो"

– कवि बालकृष्ण समले 'आगो र पानी' खण्डकाव्यको यस उद्धरणमा कुन धारणाको आलोचना गरेका छन् ?

(A) आध्यात्मिक साम्यवाद ।
(B) मार्क्सको साम्यवाद ।
(C) शङ्कराचार्यको जगन्मिथ्यावाद ।
(D) आधुनिक विज्ञानवाद ।

30. तलका मध्ये रामायणको श्रापित पात्र कुन हो ?

(A) सुग्रीव ।
(B) कबन्ध ।
(C) विभीषण ।
(D) मन्दोदरी ।

31. "कवितामा आवेग र संवेग स्वयम्मा महत्त्वपूर्ण छैनन्, तिनको संयोजन र रूपान्तरणको प्रक्रिया महत्त्वपूर्ण छ ।"

– यो भनाइ कसको हो ?

(A) टी.एस. इलियट ।
(B) आई.ए. रिचर्ड्स ।
(C) एस.टी. कलरिज
(D) जोह्न क्रो न्यान्सम ।

32. "शब्द र अक्षर ता छन्द र लयका उद्दीपक मात्र हुन् । छन्द र लय हाम्रा मनमा छन्" – भन्ने मत कसको हो ?

(A) लक्ष्मीप्रसाद देवकोटा ।
(B) एस.टी. कलरिज ।
(C) बेनेदित्तो क्रोचे ।
(D) आई.ए. रिचर्ड्स ।

33. बजाउँछ, आउँछ, गाउँछ - जस्ता क्रियापदमा आउने अनुनासिकता कस्तो रूप हो ?

(A) शून्य रूप ।
(B) रिक्त रूप ।
(C) सम्पृक्त रूप ।
(D) मुक्त रूप ।

34. "रसले रसिली पारी तातेकी पृथिविकन ।
नगिचैमा बसी लाग्यो मेघ भारी मजा लिन ।।"

– यस श्लोकमा कुन अलङ्कार पाइन्छ ?

(A) व्यतिरेक ।
(B) दीपक ।
(C) तुल्ययोगिता ।
(D) समासोक्ति ।

35. "दुईवटा मात्र छोराछोरीको 'बाबा' हुने; एउटा पुस्तक लेख्ने; एउटा आफ्नो बिल्डिङ बनाउने ।" – यस्तो व्यक्तिगत आकाङ्क्षा बोकेर बाँचेको पात्र को हो ?

(A) 'अनुराधा' उपन्यासको कोमलमान ।
(B) 'आज रमिता छ' उपन्यासको जनक ।
(C) 'द्रोह' उपन्यासको रविरत्न ।
(D) 'नरेन्द्र दाइ' उपन्यासको नरेन्द्र ।

**36.** रूपक, उत्प्रेक्षा, दीपक र निदर्शना कुन समूहमा पर्ने अलङ्कार हुन् ?
(A) औपम्यमूलक ।
(B) विरोधमूलक ।
(C) संसर्गमूलक ।
(D) न्यायमूलक ।

**37.** "यो कुनै वास हो नाथ मेरो जीवन मार्गको
तिमीतिर म हिड्‌नेछु स्वप्न पूरा भएपछि ।"
– यस कवितांशमा कस्तो दर्शन अभिव्यञ्जित छ ?
(A) रामानुजाचार्यको विशिष्टाद्वैतवाद ।
(B) सार्त्रको अस्तित्ववाद ।
(C) शङ्कराचार्यको जगन्मिथ्यावाद
(D) रोमान्टिक आदर्शवाद

**38.** तलका मध्ये कुन चाहिँ कथन सत्य हो ?
(A) काव्य-रस स्मृति, अनुमान र प्रत्यक्षानुभूतिजन्य हुन्छ ।
(B) काव्य-रस इन्द्रिय-सम्वेद्य हुन्छ ।
(C) काव्य-रस ज्ञान-स्वरूप हुन्छ ।
(D) काव्य-रस ब्रह्मानन्दजस्तै नित्य र स्थायी हुन्छ ।

**39.** तलका वाक्यमा आत्मनेपदी क्रियापद कुन हुन् ?
(क) पानी पऱ्यो ।
(ख) खोलाले बगाउँछ ।
(ग) आगो बल्छ ।
(घ) धामले पोल्यो ।
(A) (क), (ख) ।
(B) (ग), (घ) ।
(C) (क), (ग) ।
(D) (ख), (घ) ।

**40.** "मूल्य खोज्नु पनि त जीवनमा अन्धाधुन्ध दौडिनु हो कित अन्धाहरुले हात्तीको प्रत्येक अङ्गलाई अँब्याएर मूल्यको ठोसपनामाचि किटेर विश्वास गर्नु जस्तै हो । मबाट दुइटै हुन नसक्ने ।"
– 'शिरीषको फूल' - मा सकमबरीको उपर्युक्त भनाइमा कस्तो जीवनदृष्टि प्रतिध्वनित छ ?
(A) संशयवादी ।
(B) शून्यवादी ।
(C) अस्तित्ववादी ।
(D) नियतिवादी ।

**41.** उपमा अलङ्कारका चारवटा सङ्घटक तत्त्व कुन कुन हुन् ?
(A) उपमान, उपमेय, धर्म र वाचक ।
(B) उपमेय, उपमान, तुलना र दृष्टान्त ।
(C) उपमान, उपमेय, सूचक र सन्दर्भ ।
(D) उपमेय, उपमान, प्रकृति र प्रत्यय ।

**42.** संस्कृत काव्यशास्त्रमा 'भक्ति-व्यापार' केलाई भनिएको छ ?
(A) काव्यध्वनि ।
(B) लक्षणा शब्दशक्ति ।
(C) व्यञ्जना व्यापार ।
(D) तात्पर्यवृत्ति ।

**43.** शिवकुमार राईका विभिन्न कथामा देखापर्ने नोकर पात्रको नाउँ के हो ?
(A) काले ।
(B) हर्के ।
(C) रने ।
(D) रामे ।

**44.** तल समूह (क)-मा दिइएको कुन कविता-पङ्क्ति समूह (ख)मा उल्लिखित कविको कविताबाट लिइएको हो ?

| **समूह (क)** | **समूह (ख)** |
|---|---|
| क. "कपाल लुछतै मसँग आफ्ना हराएका छोराहरु माग्न थाल्छन् ।" | i. बालकृष्ण सम |
| ख. "मैले धोएका खुकुरीहरुको सम्बन्धमा सबै गुठियारले भन्नेछन् ।" | ii. भूपि शेरचन |
| ग. "हामी पल्टेको भुइँमाथि हाम्रो अधिकार किन नहुनु ?" | iii. जीवन पिङ |
| घ. "ग्यास-च्याम्बरमा उसिनिएका सपनाहरुबिच/ एउटा देश छ मेरो / सपनाको एउटा देश" | iv. ईश्वर वल्लभ |

| | क | ख | ग | घ |
|---|---|---|---|---|
| (A) | ii | iv | i | iii |
| (B) | iii | i | iv | ii |
| (C) | iv | iii | ii | i |
| (D) | ii | iii | iv | i |

45. “माया जस्तो तरुण मुखकी हेर ! सेतो मकुन्डी
आत्मा बिर्सी अनृत ढँगले कामकी उग्रचण्डी ।
यो पापी हो नजर नदिने सत्य कर्त्तव्यतर्क
विश्वै डग्ला द्विजकुल सबै बिग्रिई जान्छतर्क ।”

– ‘शाकुन्तल’ महाकाव्यबाट लिइएको यस पद्यमा ‘यो पापी हो’ भनेर कसले कसतर्क औँल्याएको हो ?

(A) विश्वामित्र ऋषिले मेनकातर्फ ।
(B) दुष्यन्तले शकुन्तलातर्फ ।
(C) विदूषफले चारुतर्फ ।
(D) दुर्वासा ऋषिले शकुन्तलातर्फ ।

46. “म गाउँछू विप्लवयुक्त गाना
उठाउँछू शोषकको खजाना ।
हटाउँछू दीन र हीन रात
म ल्याउँछू स्वर्णिमको प्रभात ।।
नयाँ गवैया, म नयाँ गवैया ।”

– कवि वीरेन्द्रको कविताको यो अंश कुन छन्दमा रचित छ ?

(A) इन्द्रवज्रा ।
(B) उपेन्द्रवज्रा ।
(C) उपजाति ।
(D) भुजङ्गप्रयात ।

47. “आफै पनि मध्यमवर्गको भएकोले साहित्य र कलामा त्यही माध्यम नै प्रयोग गरेको छु । मलाई लाग्छ, यदि मैले माथिल्लो श्रेणीको चित्रण गर्न थालें भने त्यो मेरो अनधिकार चेष्टा मात्र हुनेछ र हुनसक्छ असफल पनि हुनेछु ।”

– यसो भन्ने यी वर्गसचेत लेखक को हुन् ?

(A) वीरेन्द्र ।
(B) लैनसिंह बाङ्देल ।
(C) विक्रमवीर थापा ।
(D) बालकृष्ण सम ।

48. कस्तो नाटक भ्रमनिवृत्तिको नाटक (ड्रामा अव् डिस्इल्युजन) हो ?

(A) अतियथार्थवादी चेतनाद्वारा अनुप्राणित समस्या-नाटक ।
(B) स्वीकृत परम्पराहरु र सिद्धान्तरूप्रति विद्रोही भाव राख्ने नाटक ।
(C) परम्परागत आडम्बर, मान्यता, आदर्श र मानदण्डहरूका पर्दा च्याले नाटक ।
(D) भाग्य अथवा प्राकृतिक र दैविक शक्तिहरुको हार भएको नाटक ।

49. तलका कुन ठाउँका नाउँको उल्लेख कुनचाहिँ कृतिमा पाइन्छ ? सही उत्तर चिह्नित गर्नुहोस् –

| कृति | स्थान-नाम |
|---|---|
| क. लुङ्खुम क्याम्प | i. बमडिला |
| ख. बलिवेदी | ii. सुम्राबुङ |
| ग. ब्रह्मपुत्रको छेउछाउ | iii. पर्लहिल जेल |
| घ. जयमाया आफू मात्र लेखापानी आइपुत्री | iv. मुकुकचुङ |

| | क | ख | ग | घ |
|---|---|---|---|---|
| (A) | iii | iv | ii | i |
| (B) | iv | iii | i | ii |
| (C) | iii | i | iv | ii |
| (D) | ii | iii | iv | i |

50. “धेरै दिनको लामो प्रतीक्षा पनि
पाएन अभीष्ट भने सकिन्छ ।
ती फिलिङ्गा भए पनि के गर्नु,
पाएन इन्धन भने सकिन्छ ।”

– यस कवितांशका रचयिता को हुन् ?

(A) हरिभक्त कटुवाल ।
(B) भूपी शेरचन ।
(C) वैरागी काइँला ।
(D) ईश्वर वल्लभ ।

**Space For Rough Work**